# सामजिक सेवा केन्द्र (सोसेक)
# दैलेख

# Social Service Centre (SOSEC)
# Dailekh

# श्रोत परिचालन निर्देशिका २०६५
# Resource Mobilization Guideline 2065

सामाजिक सेवा केन्द्र (सोसेक), दैलेख
**कार्यालय**
दैलेख बजार फोन नं ०८९-४२०१८७/४२००९३
इमेल : sosecdailekh@gmail.com /hirad@ntc.net.np/sosecdlk@ntc.net.np

# १. पृष्ठभूमि (Background)

दैलेख जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने भेरी अञ्चलका पाँच जिल्लाहरु मध्ये क्षेत्रफलका दृष्टिकोणले सवैभन्दा सानो र महाभारत पर्वत श्रंङखलाको उत्तरमा अवस्थित एक दुर्गम पहाडी जिल्ला हो । प्राचीन काल देखिनै पवित्र भूमिका रुपमा चिनिएको दैलेख जिल्ला अञ्चलका हिसावले सेती र कर्णाली अञ्चलसंग जोडिएको । जिल्लाको सदरमुकाम क्षेत्रीय सदुरमुकाम वीरेन्द्रनगर सुर्खेतवाट ६७ कि.मि. र राजधानी काठमाण्डौंवाट ६५० कि.मि. टाढा पर्दछ । दैलेख जिल्लाको कुल जनसंख्या मध्य ५१ प्रतिशत महिला र ४८.९० प्रतिशत पुरुष रहेको छ, जसमा महिला साक्षरता ३८ प्रतिशत र पुरुष साक्षरता ६३.४० रहेकोछ । महिला साक्षरता प्रतिशत कमी हुनुमा पिछडिएका र पहुच नपुगेका दलित पुरुषहरु भन्दा महिलाको सख्या वढी रहेको र दलित महिलाको साक्षरता प्रतिशत कमी रहेकोले महिला साक्षरता प्रशितमा कमी हुन गएको विभिन्न प्रतिवेदनले जनाएको छ । यसै कुरालाई र जिल्लाकै दयनिय अवस्थालाई मध्य नजर गरी आफ्नो जिल्लाको आर्थिक र सामाजिक अवस्थालाई सुधार गर्नको लागि र समुदायको आवश्यक्तालाई अधिकारको रुपमा लिएर समुदायकै विकास र परिवर्तन गर्न सकिन्छ भन्ने मान्यता लिएका स्थानीय युवाहरुको जोस र जागरले २०५४ साल भाद्र ११ गते जिल्ला प्रशासन कार्यालय दैलेखमा दर्ता नं ५९ मा दर्ता भई २०५४ साल असोज ५ गते दर्ता नं ६०९९ मा समाज कल्याण परिषदमा आवद्ध भई रावतकोट गा.वि.स. वडा नं ४ पञ्चदेवलमा स्थापना भएको एक मुनाफा रहित र राजनितिबाट अलग रहेर समुदायको मागमा आधारित काम गर्ने सामाजिक संस्था सामाजिक सेवा केन्द्र (सोसेक) हो ।

यस संस्थाको पृष्ठभमिलाई केलाएर हेर्दा यसको स्थापना कालका केही तितामिठा साह्रागाह्रा क्षणहरुलाई केलाउनु पर्ने हुन्छ । एउटा संस्था जन्माउन जति सजिलो छ, सामाजिक मूल्य मान्यता र आवश्यक्तालाई चिनेर सो अनुसार सामन्जस्य भई हुर्काउन र लामो समयसम्म सेवादायी भएर संस्थागत जीवनलाई दिगो राख्न पक्कै पनि सजिलो नहुने कुरा सोसेकको जीवन यात्राबाट पनि स्पष्ट हुन्छ । संस्था स्थापना भएपछि यसका वरिपरि विभिन्न किसिमका समस्या र चुनौतिहरु देखा पर्न थाले ।

आफ्नो कुनै पनि आर्थिक स्रोत नभएको, साझेदारी र समन्वय गरी विभिन्न सहयोगी संघसंस्थाहरुको विचमा परिचित नभएको तत्कालिन अवस्थामा कार्यालय सञ्चालन र सञ्चालनका लागि आवश्यक सामाग्री र अति आवश्यकीय मसलन्दका सामाग्रीहरुको समेत जोहो गर्ने जिम्मेवारी तत्कालिन कार्यसमितिका पदाधिकारी सदस्यहरुको थाप्लोमा आएको थियो । संस्था स्थापना गरेर मात्र हुदैन संस्थालाई चिनाउनको निम्ति मासिक रुपमा पैसा उठाएर पनि केही गर्नुपर्छ भन्ने सोच कार्यसमितिका सदस्यहरुमा जागी चेतनामूलक सडकनाटक प्रदर्शन, निवन्ध प्रतियोगीता जस्ता साना कार्यक्रमहरु सञ्चालन गर्दै आइरेको थियो भने व्यक्तिगत रुपमा संकलन गरिएका मसलन्द सामाग्री (गुन्द्री, चकटी) को प्रयोग गर्दै **“आत्म साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं”** भन्ने वाक्यांशलाई मूलमन्त्र मानी बैठक वस्ने र समाजमा पछाडि पारिएका समुदायहरुलाई चेतनाको माध्यमबाट कसरी समुन्नत र समृद्ध गराउन सकिन्छ भनी चिन्तन गरिन्थ्यो ।

सानातिना कार्यक्रम सञ्चालन गर्दै अगाडि वढ्दै जादा रावतकोट गा.वि.स.को सहयोग रु. ७४०००।- मा रावतकोट वडा नं १ मा ३ वटा खानेपानी धारा निर्माण र २५ जनालाई स्वास्थ्य तथा सरसफाई सम्वन्धि तालिम दिइएको थियो, संस्थाकै आफ्नै स्रोतमा वादी जाति उत्थान तथा जनचेतना कार्यक्रम भैरीकालिकाथुम वडा नं ६ मा ५९ जनाको सहभागीतामा एच.आई.भि/एड्स -याली, २५ जनालाई स्वास्थ्य तथा सरसफाई तालिम र २० जनालाई एड्स तथा एच.आई.भि. सम्वन्धि जनचेतनामूलक तालिम रु. ५०००।- मा सम्पन्न गरिएको थियो । वडलम्जि वडा नं ७ मा एक व्यक्ति दुई रुख कार्यक्रम सञ्चालन गरियो र जसबाट २५५ जनाको सहभागीतामा ५१० वटा आय-आर्जनमा टेवा पुग्ने खालका विरुवाहरुको बृक्षारोपण गरिएको थियो । रावतकोट, वडलम्जि र भैरीकालिकाथुममा स्वास्थ्य तथा सरसफाई सम्वन्धि माईकिङ कार्यक्रम रु. २०००।- मा सम्पन्न गरियो । जसबाट ३ वटा गा.वि.स.का ६००० जना पोषण, स्वास्थ्य, वातावरण र स्वच्छ खानेपानी बारे लाभान्वित भएका थिए । गौरी गा.वि.स.मा जिल्ला शिक्षा कार्यालय दैलेखको सहयोगमा साक्षरता कार्यक्रम: प्रौढ शिक्षा, वालशिक्षा र महिला शिक्षा कार्यक्रम सञ्चालन गरियो । जसबाट ३७५ जना प्रौढ शिक्षा सम्वन्धि साक्षर, १५० जना बालबालिका बालशिक्षाबाट लाभान्वित र १७५ जना महिलाहरु साक्षर भएका थिए । वडलम्जि गा.वि.स.मा प्राथामिक आखा उपचार केन्द्र र सोसेकको संयुक्त प्रयासमा प्राथामिक आंखा उपचार शिविर सञ्चालन गरियो । जसबाट ३७४ जनाको आंखा जांच गरी औषधी वितरण, २४ जनाको मोतियाविन्दु अप्रेसनको लागि सिफारिस गरिएको थियो । रावतकोट गा.वि.स.१ मा रावतकोट गा.वि.स.को सहयोग रु.

१५०००।- मा ३ वटा धारा निर्माण गरियो । जसबाट २५ घरधुरीका १७५ जना स्वच्छ खानेपानीबाट लाभान्वित भए । आफ्नै स्रोत र साधनले ग्रामीण समुदायमा सञ्चालन गरिएका सानातिना कार्यक्रम र स्थानीय युवाको लगनशिलताको कदर गर्दै २०५६ सालमा लिङ्क/हेल्भेटासले सामूदायिक महिला तथा दलित स-शक्तिकरण परियोजना रावतकोट १ र वडलम्जि ७ मा सञ्चालनको निमित्त रु. ५०,०००।- सहयोग गरेको थियो । उक्त सहयोगबाट ४ वटा समूह गठन, ४२ जनालाई सामूदायिक वन व्यवस्थापन तालिम, ६० जनालाई बेमौसमी तरकारी खेती तालिम, २५ जनालाई समूह अवधारणा तालिम र २० जनालाई वचत व्यवस्थापन तालिम दिइएको थियो र लिङ्क/हेल्भेटासले हालसम्म पनि उक्त सहयोग निरन्तर रुपमा दिदै आएको छ भने कार्यक्रममा महिला तथा दलित कानूनी कक्षा पनि समावेश गरि कार्यक्रम सञ्चालन भईरहेको छ । जसको परिणाम दलित र महिलाहरुमा नयाँ चेतनाको लहर फैलियो र नारी दिवश र मुक्ति दिवशमा १० औं हजार दलित तथा अन्य महिलाहरुले समान अधिकारको खोजी गर्दै महिलाहरुलाई पनि पुरुष समान अधिकार चाहिन्छ, महिला एकता जिन्दावाद, जस्ता नाराहरु लेखिएका व्यानर र प्लेकार्डहरु सहित -याली निकाले । यसपछि मात्र जिल्लामा दलित, महिला र विपन्नको हितको अवधारणा लिएर क्रियाशिल तथा सकृय रहेको एउटा गैससको रुपमा सोसेक संस्था परिचित भयो र त्यसपछि विभिन्न किसिमका दातृ निकायहरुबाट दैलेख जिल्लामा कार्यक्षेत्र वनाई महिला, दलित, विपन्न वर्ग र बालबालिकाको हितको लागि काम गर्न राष्टिय तथा स्थानीय गैसससंग साझेदारीमा काम गर्ने इच्छा जाहेर गरी राष्टिय स्तरका पत्रपत्रिकामा प्रस्ताव आवहान गरियो र सोसेकले पनि आफ्नो विगतका सञ्चालित कार्यक्रमको अनुभव, सिकाई र समुदायको मागमा आधारित कार्यक्रम बनाई पेश गर्ने अवसर पायो र उक्त पेश गरिएको कार्यक्रम स्वीकृत भई हाल ADB/DADO, LLINK/helvetas, WARM-P/helvetas, CECI/SAHAKARYA, सितको साझेदारीमा ७ वटा कार्यक्रमहरु वाली विविधीकरण आयोजनामा सामाजिक परिचालन कार्यक्रम, व्यवसायिक आलु उत्पादन पकेट क्षेत्र विस्तार कार्यक्रम, आत्मनिर्भर खानेपानी तथा सरसफाई कार्यक्रम, ग्रामीण जलश्रोत व्यवस्थापन कार्यक्रम,सामूदायिक स्वास्थ्य कार्यक्रम, सामूदायिक महिला तथा दलित स-शक्तिकरण कार्यक्रम, संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम र आयमूलक र छात्रवृति कार्यक्रम सञ्चालन भईरहेकाछन् भने नेपाल स्वास्थ्यको लागि खानेपानी संस्था ा, काशीकांध ,सिरौल ,भांडे खानेपानी तथा सरसफाई आयोजना सञ्चालनकोट्ठनेवासंग रि लागि सम्झौता भई कार्यक्रम संचालनमा रहेको छ । भने दैलेख जिल्लाको स्वच्छ खानेपानीबाट बञ्चित विकट गा.वि.स.मा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालनको लागी ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति र दलित र महिलाको वाहुल्यता वढी भएको, श्रोत साधन अधिक्तम मात्रामा रहेको र गरिवीको रेखाबाट बञ्चित समुदायको हितको लागि सामूदायिक एकिकृत विकास कार्यक्रम सञ्चालनको लागि गरिवी निवारण कोष सित सम्झौता गरी कार्यक्रम संचालन भईरहेको छ । सोसेक जस्तो सामाजिक संस्थालाई दैलेख जिल्लामा नै चिनाउन योगदान दिनु भएका संस्थापक अध्यक्ष श्री हीरासिंह थापा हाल सम्म पनि संस्थालाई रायसुझाव दिइरहनु भएको छ भने केही संस्थापक सदस्यहरु जिल्लाको आर्थिक र सामाजिक अवस्था सुधारदा सधार्दै पनि जागीरको शिलशिलामा वाहिरी जिल्ला जानु पर्ने अवस्था भयो र उहाहरुले पनि आफ्नो कार्यालयको गरिममाय पद अधिकृतको काम कर्तव्य संगसंगै संस्थाको हालको अवस्था के भईरहेको छ र हामीले जिल्ला वाहिरबाट गर्नुपर्ने सहयोग के छ भनि सोध्ने चलन सोसेक संस्थाका निवर्तमान संस्थापक सदस्यहरुको छ ।

दैलेख जिल्लाका ५५ वटा गा.वि.स. मध्ये ४२ वटा गा.वि.स.का समुदायको विचमा कार्यक्षेत्र वनाई विभिन्न सेवा र सुविधायुक्त क्रियाकलापहरु सञ्चालन र स्थानीय स्तरमा नै ६८ जना युवायुवतीलाई रोजगारीको अवसर श्रृजना गरिरहेको छ परिणामस्वरुप संस्थाबाट सञ्चालित भएका कार्यक्रम कुनै व्यक्ति स्वार्थ होइन समुदायको हितको लागि र समुदायको मागमा आधारित हो । सामाजिक संस्था भएकोले कुनै पनि पक्षबाट कार्यक्रममा अवरोध पु-याइनु हुदैन स्वस्र्फुत साथ कार्यक्रम सञ्चालन गर्न दिइनुपर्छ भन्ने सोसेक संस्थाले आफ्नो मूलय रमान्यता राखेको छा । सोसेकले आफ्नो उद्देश्यसंग मेल खाने क्रियाकलापहरु सञ्चालन गर्दा विशेषत महिला, दलित र विपन्न वर्गहरुलाई प्राथामिकता दिने गर्दछ । हाल सोसेक दैलेख जिल्ला स्थित स्थानिय निकाय र विषयगत कार्यालयहरुसंग समन्वय र कार्यगत सम्वन्ध स्थापना गरि दातृ निकायको आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न विकासका क्रियाकलापहरु सम्पादन गर्दै लैजान ५ बर्षे रणनीति योजना तयार गरी त्यसलाई आत्मसाथ गर्दै आफ्ना कार्यक्रहरु विकट भौगोलिक समुदायमा लक्षित वर्गको प्रत्यक्ष निगरानीमा संचालनलाई निञ्तरता दिदै अघि बढिरहेको छ ।

## २. संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देस्य

### परिकल्पना (Vison)

- "एकीकृत विकासको लागि प्रभावकारी भुमिका खेल्ने स-शक्त संस्थाको रुपमा स्थापित भई समतामूलक समाजको निर्माण भएको हुनेछ । "

**समतामुलक :** भन्नाले श्रोत र साधनमा पहुंच, प्रविधिक, आर्थिक, सूचना र सेवामा समान अवसर प्राप्त गर्न सक्ने अवस्था ।

### ध्येय:

- सामाजिक परिचालन र जनसहभागिताको माध्ययमवाट महिला, वालवालिका, दलित, जनजाति र विपन्न वर्गको शिक्षा, स्वास्थ्य, आर्थिक र अधिकारको क्षेत्रमा विकास भएको हुनेछ ।

### लक्ष्य :

१. सामाजिक समावेशिकरणलाई केन्द्र मानी लक्षित समुदायको शैक्षिक, स्वास्थ्य, आर्थिक र सामाजिक स्तरमा सुधार ल्याउनु ।
२. अधिकारवाट वञ्चित वर्गको क्षमता अभिवृद्धि गरी अधिकारको क्षेत्रमा पहुँच पुऱ्याउनु ।
३. संस्थाको मानवीय क्षमताको विकासमा जोड दिदै संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### उद्देश्य:

१. स्थानीय स्तरमा सामाजिक पुजिको निर्माणबाट आय स्तरमा वृद्धि गर्ने ।
२. स्थानीय स्तरमा कृषि, वन तथा वातावरण संरक्षण, पर्यटकिय क्षेत्रको विकास, पशु विकास र प्रवर्धनबाट व्यवसायिकरणको विकास गर्ने ।
३. विभिन्न निकायहरुको साझेदारितामा स्थानीय स्तरमा आवश्यक पर्ने लघू पूर्वाधारहरुको विकास प्रवर्धन गर्ने ।
४. संस्थामा आवद्ध मानवीय श्रोतको क्षमता अभिवृद्धि गरी संस्थाको दिगो विकास गर्ने ।
५. समुदायमा सामाजिक जागरणको माध्यमबाट लैङ्गिक तथा जातिय विभेदलाई कम गर्न जनचेतना अभिवृद्धिमा जोड दिने ।
६. स्वास्थ्य सम्बन्धी प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य र HIV/AIDS का पक्षमा जनचेतना अभिवृद्धि गर्ने र स्वास्थ्य सम्वन्धि शिविर संचालन गरि परिवर्तनवाहकको रुपमा काम गर्ने ।
७. वजारको मागमा आधारित स्थानीय सीप तथा प्रविधिको विकासबाट रोजगारितामा वृद्धि गर्ने ।
८. मानव अधिकारको संरक्षणको लागि चेतना जगाउदै दैवि प्रकोप, द्धन्द प्रभावित समुदायलाई मानविय सहयोगको लागि पहल गर्ने ।
९. निरक्षरता न्यूनिकरण गर्न अनौपचारिक शिक्षाका कार्यक्रम संचालन गर्ने ।
१०. समुदायको चेतना अभिवृद्धि गर्न पत्र-पत्रिका प्रकाशन तथा सामुदायिक रेडियो संचालन गर्ने ।

## ३.रणनितिउद्वेश्यहरु

१. हाल समाजनमा रहेका कुरीतिलाई कम गर्नका लागि ५ वर्ष भित्र १००० जना वकालत गर्न तयार हुने
२. महिला, वालवालिका, दलित र जनजातिका ५ वटा सवाल पहिचान गरी सामुदायिक रेडियो तथा पत्रपत्रिका प्रकाशनवाट ५० हजार जनाको चेतना अभिवृद्धि हुने ।
३. ५ वर्ष भित्र दैवी प्रकोप तथा द्वन्द्व प्रभावित २ हजार घरपरिवार, २०० घरपरिवारका ६०० वालवालिकालाई छात्रवृत्ति तथा १ हजार घरपरिवारलाई आकस्मिक राहत उपलब्ध गराई मानवअधिकार संरक्षण गर्ने ।
४. ५ वर्ष भित्र ५० वटा गाविसमा सवालको वारेमा सरोकारवालासंग अर्न्तक्रिया भई ५० वटा सञ्जालवाट १०० पटक चेतनामूलक ऱ्याली २० वटा सडक नाटक गर्ने ।

५. ५ वर्ष भित्र छुवाछुतको सवाललाई न्यूनिकरण गर्न ५ पटक मुक्ति दिवस मनाई २५०० व्यक्ति सहभागी हुने ।
६. २५ वटा सामाजिक संस्थाले विभिन्न सरकारी तथा गैर सरकारी दातृ निकायसंग सम्वन्धी विस्तार गरी लक्षित वर्गको लागि प्राप्त हुने श्रोतमा पहुच पुऱ्याउने ।
७. ५ वर्ष भित्र १० वटा स्वास्थ्य शिविर सञ्चालन भई २० हजार जना स्वास्थ्य सम्वन्धी सवाल पत्ता लगाई प्रेषण गरिनुका साथै ३५० वटा ऱ्याली सडकनातक भेला र १५ वटा सुरक्षित मातृत्व पोषण भाडापखाला निमोनिया र ज्क्ष्खबक्ष्म्क सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
८. ५ वर्ष भित्र ५० वटा कृषि, वन र पशुमा आधारित पकेट क्षेत्र निर्धारण गरी १७५५० कृषकहरुले उन्नत वीउ विजन र जैविक विषादीवारे जानकारी दिई ९७५० गैर दलित आधुनिक कृषि सामुदायिक र कवुलियती वन तथा पशुमा आधारित व्यावसायिक क्रियाकलाप सञ्चालन गर्ने ।
९. ५ वर्ष भित्र २५ वटा सीप विकास तालिमको पहिचानवाट ५०५० वेरोजगार युवाहरु प्रशिक्षित भई ५० वटा सीपमूलक व्यावसाय सञ्चालन गर्ने ।
१०. ५ वर्ष भित्र संस्थामा संलग्न १५० जनाले व्यवस्थापन सीप २०० जनाले कृषि, बचत, स्वास्थ्य, सामाजिक परिचालन, सीप विकास सम्वन्धी क्ष्मता अभिवृद्धि भई एउटा संशोधन एकाईको स्थापना भई गुणस्तरिय सेवा प्रवाहमा वृद्धि हुने ।
११. ५ वर्ष भित्र सामुदायिक संस्थभित्र महिला र दलितको प्रतिनिधि ७५ प्रतिशतले वृद्धि भई सामुदायिक संस्थाको नेतृत्वमा कम्तिमा ६५ प्रतिशत महिला र दलितको प्रतिनिधित्व गर्दै ५० वटा मन्दिर प्रवेश, कुवा प्रवेश र सहभोज कार्यक्रम सञ्चालन गर्ने ।
१२. ५ वर्ष भित्र १००० अनौपचारिक कक्षा सञ्चालन गरी २५००० जनालाई साक्षर गराउदै ५० वटा वाल विकास केन्द्रको स्थापना गरी २० प्रतिशत स्कुल जाने संखयामा वृद्धि गर्ने ।
१३. ५ वर्ष भित्र २५ वटा सामाजिक संस्थाको विश्लेषण गरी १० वटा संस्थाको संस्थागत विकास गर्दै सक्रिय संस्थाको रुपमा छनौट भइ कार्यक्रम सञ्चालन गर्ने ।
१४. लक्षित वर्ग २५ हजार घरधुरी मध्ये १२ हजार घरधुरीलाई ५ वर्ष भित्र ६००० समूहमा आवद्ध गरी उनीहरुको संगठन वचत र सीप विकासवाट २५ वटा गाविसमा २५ वटा सहकारी संस्थाको स्थापना गरी संस्थागत विकास गर्ने ५ वर्ष भित्र ७५ लाख बचत भई आय-आर्जनका ९ वटा पहिचान गरी २ करोड ऋण परिचालन हुनेछ ।
१५. स्थानीय श्रोत र साधनको अधिकतम उपयोग र परिचालन गर्न १५ वटा क्षेत्रको ५ वर्षभित्र पहिचान भई २४ वटा लघु उद्यमको स्थापनावाट ४५० जनाले रोजगारीको अवसर प्रदान गर्नेछन् ।

## ४. संस्थावाट संचालीत क्रियाकलाप

| क.स | कार्यक्रमको नाम | साझेदार संस्थाको नाम | कार्यक्रमको अवधि | वार्षिक बजेट | हालसम्मको खर्च | बांकी | कार्यक्षेत्र | मुख्य विषय | कर्मचारी विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | महिला तथा पेशागत जातजाती सशक्तिकरण परियोजना (ओसेप) | लिंक/हेल्भेटास | पौष १७ २०६३ देखि पौष १६ २०६४ | १४५०७२५/- | ४१३८३०.५३ | १०३६८९४.४७ | रावतकोट-१ देखि ९ भैरीकालिकाथुम-१ देखि ९, चामुण्डा-१ देखि ९ र वडलम्जी १ देखि ९ सम्म | जातीय छुवाछुत तथा पेशागत जाती अधिकार तथा पहुँच वृद्धि कार्यक्रम, महिलाको अधिकारमा पहुच वृद्धि कार्यक्रम, पाठेघर खस्ने समस्या सम्वन्धि कार्यक्रम, पेशागत जाती र कृषि साना पशुपालन तथा आय-आर्जन कार्यक्रम, गैह्रकाष्ठ वनपैदावार संरक्षण कार्यक्रम र सामुदायिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम । | १० | |
| २. | व्यवसायिक आलु उत्पादन पकेट क्षेत्र विस्तार कार्यक्रम | ADB/DADO | २०६३ श्रावण देखि २०६३ पौष १६ सम्म | १२१४४००/- | १८५०५९/- | १०२९३४१/- | पकेट क्षेत्र : वाजथला गाविस : रानीवन ४,५ र ६ भवानी-१,४ र ५, काशीकांध १,२,३,६ र ९ र खरीगैरा ५,७ र ८ | संस्थागत विकास कार्यक्रम, उत्पादन सहयोग कार्यक्रम, उत्पादन पर्दशन कार्यक्रम, बजार सहयोग कार्यक्रम | ५ | |
| ३. | बाली विविधीकरण आयोजनामा सामाजिक परिचालन कार्यक्रम | ADB/DADO | २०६३ श्रावण देखि २०६३ कार्तिक मसान्त सम्म | ४०९५४९०.७९ | ९८२६२२.८६ | ३११२८६७.९३ | व्यवसायिक आलु पकेट क्षेत्र लहरा, चामुण्डा चौराठा तरकारी पकेट क्षेत्र : नेपा, गोगनपानी, सिंगौडी, बेस्तडा, चौराठा र लैनचौर | कृषक समुह गठन, कृषक समन्वय समिती गठन, समुह समिती चक्रिय बैठक संचालन, कृषक स्तरीय प्रोफाइल तयार, समुह स्तरीय प्रोफाइल तयार, पकेट स्तरीय प्रोफाइल तयार । | १९ | |
| ४. | सहकार्य-सामुदायिक स्वास्थ्य कार्यक्रम/जिविकोपार्जन लागि जनस्वास्थ्य कार्यक्रम | CECI-SAHAKARYA/SPJP | २०६२ चैत्र १६ देखि २०६३ चैत्र १७ सम्म | २१८७४९०/- | २१३५१४८.४६ | ५२३४१.५४ | दूल्लु, मालिका, गौरी, छिउडीपुसाकोट र गमौडी | श्वास प्रश्वास रोग व्यवस्थापन कार्यक्रम, झाडापखाला व्यवस्थापन, एकिकृत पोषण शिक्षा, सुरक्षित मातृत्व र एच.आई.भी/एड्स कार्यक्रम | ४ | |
| ५. | एकिकृत सामुदायिक विकास परियोजना (आई.सि.डी.पि.) | PAF | श्रावण २०६३ देखि २०६४ अषाढ सम्म | १२५९३८०/- | १२४८४७/- | ११३४५३३/- | सल्लेरी, विन्ध्यावासिनी तथा थप नयाँ गाविस पिपलकोट, सिंहासैन र राकमकर्णाली | समुदाय परिचालन, सहजीकरण र चेतनामुलक कार्यक्रम, प्राविधिक सहयोग, सामुदायिक क्षमता अभिवृद्धि कार्यक्रम | ११ | २ आंशिक |
| ६. | संस्थागत दिगो परिवर्तन कार्यक्रम (संदीप) | सेभ द चिल्ड्रेनको आर्थिक | २०६३ श्रावण १ देखि २०६४ आश्विन १२ | ५२४२४५.२५ | ३९१३९४.९५ | १३२८५०.३० | संस्थामा | शुसासन र नेतृत्व, कार्य संचालन व्यवस्थापन, मानव श्रोत व्यवस्थापन, श्रोत परिचालन र | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सहयोग र स्याक नेपालको प्राविधिक सहयोग । | सम्म | | | | | वित्तिय व्यवस्थापन कार्यक्रम | | |
| ७. | समता र पहुच वृद्धि कार्यक्रम | एक्शन एड नेपाल | २०६३ श्रावण १६ देखि २०६३ माघ १७ | ९३६९३५/- | १००३६४९/- | (६६७१४) | रावतकोट, भैरीकालिकाथुम, चामुण्डा, वडलम्जी, पादुका, नेप, नाउले र दुल्लु गाविस | गरिव तथा पछाडि पारिएका समुदायको सुरक्षित मातृत्व र नवजात शिशु सम्वन्धि ज्ञानको वृद्धि गर्ने कार्यक्रम, पछाडि पारिएका महिला तथा परिवारको सुरक्षित मातृत्व तथा नवजात शिशुको स्वास्थ्य सेवामा पहुच बढाउन उपयुक्त वातावरण श्रृजन ागर्ने कार्यक्रम, सामुदायिक संस्थाहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रम | ११ | |
| ८. | लघुपूर्वाधार विकास कार्यक्रम | लिंक/हेल्भेटाँस | २०६३ पुस १५ सम्म | ४६५५१६.७० | ५२९१८४/- | ६३६६७.३० | ओसेप परियोजना कार्यक्षेत्र | साना खानेपानी निर्माण, प्लाष्टिक पोखरी निर्माण | ओसेप स्टाफ | |
| ९. | बाख्रा पैंचो कार्यक्रम ( सामाजिक परिचालन) | जिल्ला पशु सेवा कार्यालय, दैलेख | २०६२ फाल्गुण देखि २०६६ माघ मसान्त सम्म | ५००००/- | १२८००/- | ३७२००/- | कालिका, नाउलेकटुवाल, र लकान्द्र | सामाजिक परिचालन को माध्यमबाट समुदायका विपन्न वर्गलाई बाख्रा वितरण गरि उनीहरुको जिवनस्तर उकास्ने खालका कार्यक्रम । | १ | |
| १०. | तिपेडी/खामेखोला तथा ने.रा.प्रा.वि भवन निर्माणमा सामाजिक परिचालन कार्यक्रम | लिलि हेल्भेटास | २०६२ मंसिर देखि २०६३ माघ मसान्त सम्म | १३५५००/- | १०६५४५/- | | वाँसी ५ र ९ रावतकोट ८ | असिंचित जग्गाको सिंचाई सुविधा उपलव्ध गराई खाद्यान्न उत्पादनमा वृद्धी गर्ने<br>विधालयको भौतिक व्यवस्थापनमा सुधार गर्ने कार्यक्रम । | १ | |
| ११. | आत्मनिर्भर खानेपानी तथा सरसफाई आयोजनामा सामाजिक परिचालन कार्यक्रम | वार्म पी हेल्भेटास | श्रावण १ गते देखि पौष १६ २०६४ | २१८३९७.५० | १३०००/- | | ना.न.पा ८, ९, बासी-१ देखि ६ दैलेख | खानेपानी तथा सरसफाई व्यवस्थापन समिति गठन, सामाजिक नक्शा प्रथम, व्यवस्थापन तालिम, सरसफाई उत्प्रेरणा, मर्मत सम्भर कोष संकलन, सामाजिक नक्शा दोस्रो, प्राविधिक सर्भेक्षण, स्थानीय श्रोत साधन संकलन, निर्माण कार्यमा सहयोग, सामाजिक परिचालन कार्यक्रम | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | मानविय शिघ्र सहयोग कार्यक्रम | लिंक हेल्भेटास | मंसीर २०६३ देखि निरन्तर | १५००००/- | ५००००/- | | ओसेप कार्यक्षेत्र | द्धन्द पिडितहरुलाई राहत वितरण कार्यक्रम | ओसेप स्टाफ | |
| १३. | खानेपानी तथा सरसफाई आयोजना | नेवा | माघ २०६३ देखि २०६४ मंसीर मसान्तसम्म | ३६१६१६५.४३ | १८१०५२/- | | चामुण्डा-३, काशिकाध-२,९, द्धारी-५ | खानेपानी व्यवस्थापन कार्यक्रम, खानेपानी कार्यक्रम, स्वास्थ्य शिक्षा कार्यक्रम, सरसफाई कार्यक्रम र स्याहार संभार तथा मर्मत सम्भार कार्यक्रम | ९ | |
| १४. | ४५ दिने प्लम्वरीङ तालिम | स्कील नेपाल र समुदाय सहयोग कार्यक्रम | चैत्र-२, २०६३ देखि बैषाख-१७, २०६४ सम्म | ३००५५५/- | ० | | दैलेख बजार | सहभागी छनौट, तालिम व्यवस्थापन | ० | |
| १५. | आन्तरिक कोष तर्फ | २०६३ फागुन मसान्त सम्मको खर्च | सालवसाली | १७४४०००/- | ७६८०७९/- | | | संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम, आकष्मिक सहयोग, कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | ० | |
| **कुल जम्मा** | | | | **३६१६१६५.४३** | **३६१६१६५.४३** | **७२३२३३०.८६** | | | | |

## ५. श्रोत परिचालन उप-समिती सम्वन्धि व्यवस्था

५.१ गठन विधि, प्रक्रिया

संस्थामा श्रोत परिचालन सम्वन्धि एउटा उप-समिति रहनेछ। उक्त उप-समितिको गठन कार्य समितिले गठन गर्ने छ। प्रक्रिया तपसिलमा उल्लेख गरिए वमोजिम हुनेछ।

| | | | |
|---|---|---|---|
| १. | संयोजक | अध्यक्ष वा अध्यक्षले तोकेको कार्य समिति पदाधिकारी तथा सदस्य | : १ जना |
| २. | सदस्य | कार्य समितिले छनौट गरेको कार्य समिति सदस्य | : २ जना |
| ३. | सदस्य | वरिष्ट कर्मचारी मध्ये कार्य समितिले तोकेको | : २ जना |
| ४. | सदस्य | लेखा तथा प्रशासन शाखा प्रमुख | : १ जना |
| ५. | सदस्य सचिव | कार्यकारी निर्देशक | : १ जना |

*संस्थामा हाल तपसिलमा उल्लेख भए वमोजिमको वर्तमान श्रोत परीचालन उप-समिति गठन गरिएकोछ।*

| | | |
|---|---|---|
| संयोजक | हीरासिंह थापा | कार्य समिति अध्यक्ष |
| सदस्य | किरण श्रेष्ठ | कोषाध्यक्ष |
| सदस्य | भुपेन्द्र परियार | कार्य समिति सदस्य |
| सदस्य | श्रद्धा योगी | कार्यकारी निर्देशक |
| सदस्य | मान वहादुर थापा | कार्यक्रम संयोजक |
| सदस्य | अम्मर राना | लेखा/ प्रशासनिक अधिकृत |
| सदस्य | तिलक बि.क | कार्यक्रम संयोजक |

### ५.२ श्रोत परिचालन उपसमिति कार्य विवरण

१. श्रोतको खोजी (सम्पर्क,समन्वय र सूचना संकलन) गर्ने
२. १ बर्षमा कम्तिमा २ पटक श्रोतको विश्लेषण गरी विद्यमान श्रोत र रणनीति योजना बीचको अन्तर पत्ता लगाउने
३. श्रोतको अवस्था वारे कार्य समितिलाई अवगत गराउने।
४. श्रोत परिचानको कार्ययोजना तयार,कार्यान्वयन र अनुगमन गर्ने
५. प्रस्तावना तयार गर्ने।
६. श्रोत परिचालन प्रयोनजको लागि प्रयोग गरिने सामाग्रीहरु ब्रोशर,संस्थाको इतिहांस,वेब पेज आदि अध्यावधिक गर्ने
७. श्रोत परिचालन नीति नियम बनाउने र कार्यान्वयन गर्ने।
८. श्रोत परिचालनका लागि सल्लाहका सिफारिस गर्ने।
९. आन्तरिक श्रोत वृद्धि परिचालनको योजना बनाउने।
१०. श्रोत परिचालनको क्षेत्र पत्ता लगाउने र योजना वनाउने।

### ५.३ श्रोत परिचालान उप-समिति बैठक प्रकिया

संस्थाको VMGO अनुसार कार्यक्रमहरु भित्र्याई संस्थालाई दिगो र जिवन्त राख्नका लागी संस्थामा आवश्यक पर्ने श्रोतहरु जुटाउन र परिचालन गर्नका लागि ७ सदस्यीय श्रोत परिचालन उप-समिति गठन गरि जुन समितिको मिटिङ कम्तिमा १ बर्षमा ४ पटक बस्दछ। यस उप समितिको कार्यअवधि १ वर्षको हुनेछ। अर्को अवधिको लागि समितिमा पुनः मनोनयन गर्न सकिने छ।

**६.श्रोत अन्तर**

रणनितिक योजनाको समिक्षा गरि श्रोतको अन्तर पत्ता लागेपछि तपसिलमा उल्लेख भए वमोजिमको कार्य योजना वनाईने छ ।

| रणनिति योजना | अन्तर पूरागर्न चाहिने श्रोत | | श्रोत अन्तर | सम्पर्क गर्नु पर्न श्रोत प्रदानकर्ता | बिधि | सम्पर्क समन्वय गर्ने ब्यक्ति |
|---|---|---|---|---|---|---|
| | आर्थिक | अन्य | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**६. सामाजिक सेवा केन्द्र , सोसेकको संभावित श्रोत प्रदानकर्तहरु**

१. हेफर नेपाल
२. आईआरसी
३. मर्सिकप
४. सिसो नेपाल
५. केयर नेपाल
६. लुर्थन
७. युनिसेफ
८. युएनडिपी
९. टिपिओ नेपाल
१०. सेभ द चिल्डेन नर्वे

**७. सामजिक सेवा केन्द्र सोसेक संग साझेदार गरीएका निकायहरु**

१. हेल्भेटास नेपाल
२. लिकं
३. लिलि
४. वार्म-पी
५. मानीकेज
६. सेसी सहकार्य
७. स्याक नेपाल
८. गरीबी निवारण कोष
९. एक्सन एड नेपाल
१०. स्कील
११. एडिबि/जिल्ला कृषि विकास कार्यलय दैलेख
१२. जिल्ला पशु सेवा कार्यलय दैलेख
१३. नेपाल स्वास्थ्यका लागि खानेपनी (नेवा)
१४. फण्डवोर्ड
१५. गा.वि.स र नगरपालिका
१६. जि.वि.स दैलेख
१७. जि.सि.का दैलेख
१८. जिल्ला स्वास्थ्य कार्यलय दैलेख
१९. डिएफआईडी

२०. जिल्ला खानेपानी कार्यलय दैलेख
२१. वातावरण मन्त्रालय
२२. गैसस महासंघ दैलेख
२३. ग्रामिण जलश्रोत ब्यवस्थापन तालिम

## ८.सामाजिक सेवा केन्द्र (सोसेक) ले द्वारा अपनाईएका श्रोत परीचालनका तरिकाहरु

१. अनुदान प्रस्तावहरु पेश गर्ने
२. विशेष कार्यक्रमको आयोजना
३. संस्थाको अनुभव प्रकाशन
४. घटना सफलताको कथा
५. सम्वन्ध सम्पर्क विस्तार
६. व्यक्तिगत भेटघाट
७. सदस्यता अभियान
८. साझेदारी
९. आन्तरीक श्रोत परिचालन
१०. स्थानिय श्रोत परिचालन
११. श्रोत परिचालन समिति गठन
१२. श्रोतमा पहुँच हुनेहरुसँगको वैठक
१३. श्रोत प्रदान कर्ताहरुको सुची
१४. दातृ संस्था विस्तार
१५. संजाल निर्माण र सहभागिता

## ९. सामाजिक सेवा केन्द सोसेकले आन्तरीक श्रोत परिचालन प्रकिया र श्रोत बृद्दि को निति

सोसेकले आफ्नो आन्तरिक श्रोतहरु परिचालन र बृद्धिको लागि तपसिलका प्रक्रिया र नीतिहरु अवलम्वन गर्ने गरेको छ ।

### ९.१ प्रक्रियाहरु नीतिहरु

१. श्रोत परिचालन उप-समितिमा छलफल र निर्णय
२. कार्यसमितिमा छलफल श्रोतको खोजी
३. सदस्यता वितरण
४. कर्मचारीबाट संस्था विकासका लागि गरिएको सहयोग रकम

### ९.२ आन्तरीक श्रोत लगानि गर्न खोजेका क्षेत्रहरु

१. अधिकार र सामाजिक परिचालन
२. महिला तथा दलितको जीवन स्तर सुधारका लागि कृषि तथा आय आर्जन कार्यक्रम
३. स्वास्थ्य
४. भौतिक पूर्वाधार निर्माण
५. शिक्षा

## १०. सामजिक सेवा केन्द्र, सोसेकको श्रोत परीचालन योजना तजुर्मा तथा परिमार्जन प्रकिया

संस्थाको लक्ष्य प्राप्तीको लागि सोसेकका सम्पूर्ण बार्षिक कार्यक्रमहरुलाई आधार मानी आगामी बर्षको योजना तर्जुमा गर्ने गरिन्छ ,जसका प्रक्रियाहरु यस प्रकार छन् ।

१. समुदाय सर्भेक्षण तथा समुदायको आवश्यकता पहिचान
२. माग संकलन र प्राथमिकिकरण
३. लक्षित वर्ग, साझेदारहरु र अन्य सरोकारवालाहरुसंग छलफल र समन्वय
४. अर्ध-बार्षिक तथा बार्षिक समिक्षा

५. समुदाय, गाविस  र संस्था स्तरमा योजना तर्जुमा गोष्ठी संचालन गरी प्राप्त पृष्ठपोषणलाई आगामी योजनामा समावेश गरिन्छ ।

**११. सामजिक सेवा केन्द्र,सोसेकका परियोजना प्रस्तावना तयार र पेश गर्ने  बिधि**

१. श्रोत परिचालन समितिको वैठक
२. समुदाय सर्भेक्षण
३. तथ्याङ्क संकलन र विश्लेषण
४. सम्भावित साझेदारको खोजी
५. प्रस्तावना तयारी
६. श्रोत परिचालन समितिमा छलफल र प्रस्तावना पेश